**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ३१ मई २०२४

समयः १८:५० – १६:०० बजे

**प्रमुख समाचार**

१. लोकसभा निर्वाचनको सातौं र अन्तिम चरण अन्तर्गत पश्चिम बंगालका नौ लोकसभा निर्वाचन क्षेत्रहरूमा मतदान हुनेछ| निर्वाचन आयोगले संवेदनशील बसिरहाट विशेषगरी सन्देशखालीमा विशेष निगरानी राखेको छ।

२. गृहमन्त्री अमित शाहले मिजोरम, मेघालय, मणिपुर, त्रिपुरा र असममा आएको भीषण चक्रवाती तूफान रेमालबाट आएको प्राकृतिक प्रकोपप्रति गहिरो चिन्ता व्यक्त गर्नु भएको छ।

३. जीटिए सभाका प्रमुख कार्यपाल अनित थापाले जबसम्म सरकारले बालुवा निकाल्ने पर्मिसन दिदैन तबसम्म टिस्टा बाढ पीडितको स्थायी समाधान नहुने बताउनु भएको छ|

४. दार्जीलिङ पुलबजार खण्ड अन्तर्गत निप्पोन हाइड्रोपावर कम्पनीका कर्मचारीहरूले विभिन्न मागहरू लिएर असहयोग आन्दोलन गरिरहेका छन्|

लोकसभा निर्वाचन

लोकसभा निर्वाचनको सातौं र अन्तिम चरणको मतदान आठ राज्य र केन्द्र शासित प्रदेशका ५७ लोकसभा सीटका लागि मतदान भोलि हुँदैछ। यस चरणमा उत्तर प्रदेशको १३ए पञ्जाबको १३ए पश्चिम बंगालको ०९ए बिहारको ०८ए ओडिशाको ०६ए हिमाचल प्रदेशको ०४ए झारखण्डको ३ र चण्डीगढको एक सीटका लागि मतदान हुँदैछ।भोलि बिहान ७ बजेदेखि मतदान सुरु हुनेछ। प्रधानमन्त्री तथा भाजपाका वरिष्ठ नेता नरेन्द्र मोदी लगायत केन्द्रीय मन्त्री तथा भाजपा नेता अनुराग ठाकुर र कांग्रेस नेता विक्रमादित्य सिंह र टीएमसी नेता अभिषेक व्यानर्जी आदि प्रमुख नेताहरूको राजनीतिक भाग्य भोलि म्टड मा बन्द हुनेछ।पश्चिम बंगालका नौ लोकसभा निर्वाचन क्षेत्रहरूमा मतदान हुनेछ| जसमा बारासातए बसिरहाटए डायमंड हार्बरए दम दमए जयनगरए जादवपुरए कोलकाता दक्षिणए कोलकाता उत्तर र मथुरापुर रहेको छ|

****** ० ******

संवेदनशील बसिरहाट, सन्देशखाली

पश्चिम बंगालमा लोकसभा चुनावको छैटौं चरणमा सामान्य हिंसा भएपछि आयोग अलर्टमा छ। सातौं र अन्तिम चरणमा निर्वाचन आयोगले संवेदनशील बसिरहाट विशेषगरी सन्देशखालीमा विशेष निगरानी राखेको छ। यहाँ शनिबार सातौं र अन्तिम चरणको मतदान हुँदैछ। पश्चिम बंगालको मुख्य निर्वाचन अधिकारी को कार्यालय सुत्रले भनेको छ, बसिरहाट लोकसभा निर्वाचन क्षेत्र अन्तर्गत कुल १ए८८२ मतदान केन्द्रहरू मध्येए १ए०६६ संवेदनशील छन्ए जसको अर्थ ५८ प्रतिशत भन्दा बढी बुथहरू संवेदनशील छन्| सत्तारुढ तृणमूल कांग्रेसका नेताहरूले गरेको यौन उत्पीडनको बिरूद्ध विगत केही महिनादेखि स्थानीय महिलाहरूले निरन्तर विरोध गरेपछि बसिरहाट लोकसभा क्षेत्र अन्तर्गतका सात विधानसभा क्षेत्रहरू मध्ये सन्देशखालीलाई विशेष निगरानीमा राखिने सीईओ कार्यालय स्रोतले जनाएको छ| भाजपाले सन्देशखाली आन्दोलनको नेतृत्व गरेकी रेखा पात्रालाई बसिरहाटबाट उम्मेदवार बनाएको छ। सीपीआई (एम) का उम्मेदवार निरपाद सरदार पनि अवैध जग्गा कब्जाए यौन दुर्व्यवहारको गुनासोहरू विरुद्ध स्थानीयहरूलाई संगठित गर्नका लागि भर्खरै समाचारमा थिए। तृणमूल कांग्रेसले हाजी नुरुल इस्लामलाई उम्मेदवार बनाएको छए जो २००६ र २०१४ मा बसिरहाटबाट सांसद थिए।

****** ० ******

**मणिपुरमा बाढी**

मणिपुरमा बाढीको प्रकोप जारी छ । बाढीबाट इम्फाल सहर धेरै प्रभावित भएको छ । बाढीका कारण अहिलेसम्म तीन जनाको मृत्यु भएको छ भने एक जना बेपत्ता भएको छ । केन्द्रीय सेना र सेना राहत बल उद्धार कार्यमा जुटेका छन् भने बाढी प्रभावित परिवार राहत शिविरमा राखिएको छ ।

****** ० ******

**गृहमन्त्री-रेमाल स्थिति**

गृहमन्त्री अमित शाहले मिजोरमए मेघालयए मणिपुरए त्रिपुरा र असममा आएको भीषण चक्रवाती तूफान रेमालबाट आएको प्राकृतिक प्रकोपप्रति गहिरो चिन्ता व्यक्त गर्नु भएको छ। एक सामाजिक सञ्जाल पोस्टमाए श्री शाहले भन्नुभयो, प्रधानमन्त्री नरेन्द्र मोदीलाई पछिल्लो अवस्थाको बारेमा जानकारी दिइएका छ। गृहमन्त्रीले हावाहुरी प्रभावित राज्यका मुख्यमन्त्रीहरुसँग कुरा गरी हालको अवस्थाका बारेमा जानकारी लिएको र केन्द्रबाट सक्दो सहयोग गर्ने आश्वासन दिएको बताउनु भयो । उहाँले प्राकृतिक प्रकोपमा ज्यान गुमाउनेहरुप्रति गहिरो समवेदना प्रकट गर्दै घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना पनि गर्नु भयो । गृहमन्त्रीले स्थितिको अनुगमन भइरहेको र पीडितलाई प्रशासनले सक्दो सहयोग गरिरहेको बताउनु भयो ।

****** ० ******

**प्रवर्तन निदेशालय (ईडी)**

प्रवर्तन निदेशालय (ईडी)का अधिकारीहरूले निलम्बित तृणमूल कांग्रेस नेता शेख शाहजहानको आयको प्रत्येक स्रोतलाई छानबिनमा ल्याएका छन्। अवैध जग्गा कब्जाए माछा पालनए माछा निर्यात बाहेक शाहजहानले अरु कुन माध्यमबाट आम्दानी गरे भन्ने जानकारी संकलन भइरहेको छ । गैरकानुनी रुपमा जग्गा अधिग्रहणए माछापालन र माछा निर्यातबाट प्राप्त रकमभन्दा कथित आम्दानीका रकमभन्दा निकै कम रहेको केन्द्रीय निकायले जानकारी प्राप्त गरेको स्रोतले जनाएको छ । शाहजहान र उनका सहयोगीहरूको कोषमा करोडौं रुपैयाँ आयो। कतिपय सम्पत्ति यस्ता छन् जसको आम्दानीको स्रोत अझै स्पष्ट हुन सकेको छैन । ईडीले मे २७ मा कोलकाताको विशेष पीएमएलए अदालतमा आरोपपत्र दायर गऱ्योए जसमा केन्द्रीय एजेन्सीका अधिकारीहरूले शाहजहानले सन्देशखालीमा अवैध रूपमा जग्गा कब्जा गरेर २६१ करोड रुपैयाँ जम्मा गरेको आरोप लगाएका थिए। ईडीका वकीलले अदालत अघि भनेको छ केन्द्रीय एजेन्सीका अधिकारीहरूले सन्देशखालीमा १८० बिघा (५९०५ एकड) जमिन पहिचान गरेका छन् जुन अवैध रूपमा शाहजहानले कब्जा गरेको थियो।

****** ० ******

**अनित थापा**

जबसम्म सरकारले बालुवा निकाल्ने पर्मिसन दिदैन तबसम्म यसको पर्मनेन्ट सल्युसन हुँदैन" टिस्टामा भइरहेको बाँध बाध्ने कामको निरीक्षण गर्न आइपुगेका जीटीएका कार्यपाल अनित थापाले आज यसो भन्नु भएको हो। टिस्टामा बर्खा लाग्न अघि नै पानी पस्न थालेको अनि क्षेत्रको स्थायी समस्या समाधानबारे प्रश्न राख्दा उहाँले यस्तो मन्तब्य राख्नु भयो । उहाँले यस अवधी टिस्टालाई जोगाउन बाध लगाउने कार्य भइरहेको अनि भइरहेको कार्यलाई लेबर बडाएर छिटै नै समाप्त गर्ने प्रयास गरिरहेको पनि बताउनु भयो। अघिबाटै टिस्टाहरुलाई ७५ हजार प्रती परिवार क्षतिपुर्ती दिई सकिएको अनि सर्वेक्षण टोलीको रिपोर्ट अनुसार क्षती हेरेर थप क्षतिपूर्ति दिइने उहाँले स्पस्ट गर्नु भयो। यसरि नै एकसय चार टिस्टा टिस्टा परिवारहरुलाई १२०६ करोड रुपियाँ क्षतिपूर्ति दिइने जानकारी आज जीटीएका डिजास्टर म्यानेजमेन्ट चिफ एक्जिक्युटिभले दिएका छन्। घर अनि घरको क्षतिलाई हेरेर क्षतिपुर्ती दिइने भएको जसमध्ये ७ लाख देखी२२ लाखसम्म दिइने बताईएको छ।

****** ० ******

**सासंद शान्ता छेत्री**

टिस्टा बजारको विलिभर चर्च प्राङ्गनमा पूर्व राज्यसभा सांसद तथा तृणमूल नेत्री शान्ता छेत्रीले टिस्टा बाढ पीडितका ६५ परिवारसंग भेटघाट गर्नु भएको छ। टिस्टा बाढ पीडित क्याम्पेनिङ्ग कमिटिका संयोजक संजोग गुप्ताको नेतृत्वमा टिस्टा बाढ पीडित ६५ परिवारले पूर्व लोकसभा सासंद शान्ता छेत्रीसंग भेटघाट गरी पुनर्वासको व्यवस्था मिलाइदिने गुहार मागेका थिए। यसक्रममा श्रीमती छेत्रीलेए अहिले कोड अफ कन्डक्ट लागेको अवस्था छए त्यो अवस्था सकिएपछि अथवा चार जूनपछि सहयोग गर्ने आश्वासन दिएको जानकारी प्राप्त भएको छ।

****** ० ******

**अजय एडवार्डस**

अबैद्य खनन कार्य विरूद्व कार्यवाही गर्ने मांग गर्दै हाम्रो पार्टी अध्यक्ष एंव जिटीए सभासद अजय एडवाडर्सले कालेबुङ जिल्लाधिकारीलाई पत्र लेख्नु भएको छ। हाम्रो पार्टी अध्यक्ष एंव सभासद अजय एडवाडर्सले कालेबुङ जिल्लाधिकारीलाई लेखेको पत्रमा बर्खायाम शुरू हुन लागेको छ तर पनि रेली खोलामा बलुवा गिटटीको खनन कार्य जारी रहेको जानकारी गराएको छ।सन २०१६ मा वन तथा जलवायु परिवर्तन मंत्रलयले बर्खायाम शुरू हुन अधि नै खोला एंव नदीहरूमा खनन कार्यमाथि रोक लगाउँने निर्देश जारी गरेको छ तर कालेबुङको रेली खोलामा बालुवा गिटटीको खनन कार्य आज पनि यथावत राखेको हाम्रो पार्टी अध्यक्ष एंव सभासद अजय एडवाडर्सले आफ्नो पत्रमा उलेख गर्नु भएको छ। रेली खोलामा भई रहेको खनन कार्यमाथि चिन्ता ब्यक्त गर्दै हाम्रो पार्टी अध्यक्ष एंव सभासद अजय एडवाडर्सले यस्ता कम्पनीहरू विरूद्व कार्यवाही गर्ने मांग गर्नु भएको छ।

****** ० ******

**दार्जीलिङ बजार जाम**

दार्जीलिङको घुम जोरबङ्लोदेखि दार्जीलिङ बजारसम्मको जामको समस्यालाई लिएर सर्वसाधारणको गुनासो अघि आएपछि जोरेबङ्लोमा ट्राफिक समस्या समाधान गर्न दार्जीलिङ नगरपालिका अध्यक्ष दिपेन ठकुरीए वार्ड नम्बर २ कमिशनर दोर्जे डुक्पा साथै जोरबंगलो ट्राफिक ओ सी विकास चाम्लिङ र ट्राफिक पुलिस तैनाथ रहेका छन् भने उक्त विषयमा नगरपालिकासाथै अन्य निकायहरुले प्रयास गरिरहेको नगरपालिका अध्यक्ष दिपेन ठकुरीले बताउनु भएको छ ।

****** ० ******

**कर्मचारीहरू- असहयोग आन्दोलनमा**

दार्जीलिङ पुलबजार खण्डको रिम्बिक-लोधोमा समष्टि अन्तर्गत बाँसबोटे फेन्चेटारको मुङमुङ खोला किनारमा अवस्थित निप्पोन हाइड्रोपावर कम्पनीका कर्मचारीहरू अहिलेघरी आफ्ना विभिन्न मागहरू लिएर असहयोग आन्दोलनमा छन्। हाइड्रोपावरको स्थापना कालदेखि नै कार्यरत् रहिआएका कर्मचारीहरू गत १ मईदेखि आन्दोलनमा रहे पनि समस्या समाधानतर्फ आजसम्म कुनै निचोड निस्कन सकेको छैन।गत अप्रेल महिनाको वेतनसमेत नपाएको कर्मचारीहरूले गुनासो पोखिरहेको समय यता, गत 1 मईदेखि आन्दोलनरत् रहेका कर्मचारीहरूको समस्या अझ जटिल बन्दै गइरहेको छ।२००२ दमा शुरू भएको यस हाइड्रोपावरमा स्थापना कालदेखि कार्यरत कर्मचारीहरुले कम वेतनका कारण जीवन धान्नलाई मुश्किल पर्नगएको बताउँदै वेतन बढोत्तरीको मागसितै अन्य कतिपय बुनियादी समस्याहरूलाई लिएर आफूहरू आन्दोलनमा ओर्लिन बाध्य भएको बताएका छन्।अर्कोतिरए कर्मचारीहरूद्वारा आन्दोलन शुरु भएपछि कम्पनी पक्षले कार्यालय बन्द गरेकाले यसबारेमा पूर्ण जानकारी प्राप्त भुन सकेन।

****** ० ******

**बालुवाबास खोलामा पुल मर्मती**

दार्जिलिङ पुलबजार खण्डको सोम सिङताम तथा चुङथुङ ग्राम पन्चायतको फेदीमा स्थित बालुवाबास खोलामा हाम्रो पार्टी अध्यक्ष अजय एडवर्डको मुख्य पहल तथा क्षेत्रवासीहरुको सहयोगमा श्रमदानद्वारा निर्माण हुन लागेको पुलको स्ल्याब ढलाईको कार्य बिहिवार पूर्ण भयो। बर्खा लागेको कारणले अधुरो हुन्छ कि भनेर धेरैलाई चिन्ता लागि रहेको भए पनि अन्ततः स्ल्याब ढलाई पूर्ण भएको हो। बितेको 15 फरवरी देखि शुरू भएको यस पुल निर्माणको कार्य आज स्ल्याब ढलाई पूर्ण भए पछि सबै कार्यकर्ताहरुको अनुहारमा खुशीको लहर देखियो भने अब केही मरम्मतीको कार्य रहेको छ। अर्कोतिर आजैदेखि चुङथुङ क्षेत्रमा रहेको जीर्ण अवस्थाको बाटो माथि मिशाली छाप्ने कार्य समेत गरियो। यस अभियानमा हाम्रो पार्टी अध्यक्ष अजय एडवर्ड सगै विभिन्न संघ संस्थाका सदस्यहरु लगायतको बिशेश उपस्थिति थियो । अजय एडवार्डले ब्रिजको डिजाइन गर्ने अनि यस स्थललाई पर्यटकीय बनाएर लैजाने पनि सबै अघि वचन दिनु भयो। यसरी स्वर्णिम प्रभा संघका सदस्य अमर लामाले धेरै वर्ष अघि देखि यस क्षेत्रको वासिन्दाहरुको सपना पुरा भएको बताउनु भयो। आफ्नो स्वर्णिम प्रभा संघको पक्षबाट आर्थिक सहयोग दिने पनि उहाँले बताउनु भयो।

****** ० ******

**गोर्खा भूतपूर्व सैनिक कल्याण संगठन**

गोर्खा रंगमञ्च भवनमा गोर्खा भूतपूर्व सैनिक कल्याण संगठन मिरिकको स्थापना दिवस पालन गरिएको छ। कार्यक्रममा विभिन्न क्षेत्रहरूबाट गोर्खा भूतपूर्व सैनिकहरूको उपस्थिति रहेको थियो भने उक्त कार्यक्रममा गोर्खाहरूले आफ्नो देशप्रति दिएको योगदानको पनि स्मरण गरेका छन् । कार्यक्रममा संगठनका अध्यक्ष मिलन सुब्बाले संगठनले सामाजिक रुपमा धेरै कार्य गर्दै आएको जानकारी दिनु भयो|

****** ० ******

****** ० ******

****** ० ******